# स्थानीय राजपत्र

छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित

**खण्डः ३) छत्रकोट गाउँपालिका, मितिः २०७६/०९/०९ (संख्याः २**

## भाग–२

## छत्रकोट गाउँपालिका, गुल्मी

### संवत् २०७६ सालको मापदण्ड नं. २

### मापदण्डको नाम : असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असाहयहरूलाई उपलब्ध गराई राहत सम्बन्धी मापदण्ड, २०७६

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७६/०९/०६

कोभिड-१९ को सभावित सरक्षणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असाहायहरुलाई दैनिक जिवन यापनको लागी छत्रकोट गाँउपालिकाबाट राहात उपलब्ध गराउने गरी नेपाल सरकार मन्त्रिपरिषदबाट भएको निर्णय कार्यन्ययन गर्न यो मापदण्ड तयार गरीएको छ।

१. **सक्षिप्त नाम र प्रारम्भ:**(१) यस मापदण्डको नाम असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धि मापदण्ड २०७६ रहेको छ।

(२) नेपाल सरकारले लकडाउन घोषणा गरेको अबधि सम्मको लागि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा:

(क) "असंङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग" दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला अम्दानी गर्ने दफा ३ बमोजिमका श्रमिक, कामदार तथा मजदुर सम्झनु पर्छ।

(ख) "असहाय" भन्नाले कसैको लालन पालनमा नरही असक्त तथा आवास विहिन भई मन्दिर,आश्रम, धर्मशाला, गुम्बा,मस्तिज, गुरुद्वारा, चर्च वा वृद्दा आश्रममा बस्ने व्यात्ति सम्झनु पर्छ।

(ग) "राहत" भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम सम्बन्धित स्थानीय तहले दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरुलाई प्रधान गरिने दफा ७ बमोजिमको सामाग्री सम्झनु पर्छ।

(घ) "स्थानीय" तह भन्नाले छत्रकोट गाँउपालिका सम्झनु पर्छ।

(ङ) "वडा कार्यालय" भन्नाले छत्रकोट गाँउपालिका अन्तरगत १ नं देखि ६ नं वडा कार्यालय सम्झनु पर्छ।

३. **अभिलेख राख्नु पर्ने:** (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्बन्धित वडा कार्यलयले अभिलेख तयार गर्नु पर्नेछ।

(क) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक।

(ख) पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने बाटोमा आवश्यक वस्तुहरु ओसारपसार गर्ने व्यात्ति।

(ग) ट्रक, टिप्पर, भ्यान सामान लोड अनलोड गर्ने श्रमिक।

(घ) अन्य व्यात्तिको खेतबारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषी मजदुर

(ङ) आफ्नो नातादार बाहेकका व्यात्तिको परिवारमा दैनिक ज्यादारीमा सरसफाई शिशु तथा जेष्ठनागरीक स्याहार जस्ता सेवा गर्ने व्यात्ति

(च) गिटि कुट्ने वालुवा चाल्ने तथा ईटा भट्टामा काम गर्ने मजदुर

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी सिकर्मी हेल्पर लगायतका मजदुर

(ज) नाङ्लो पसले दैनिक रुपमा पत्रिका वितरक साना फुटपात पसले ठेलागाडा तथा साईकिलमा सामान विक्री वितरण गरि गुजरा गर्ने तथा अन्य व्यात्तिको पसलमा काम गर्ने मजदुर

(झ) देहायका यातायात मजदुरः

१. अन्य व्यात्तिको माल वाहक सवारी तथा डेलिभरी भ्यान चलाउने सवारी चालक  सहचालक

२. दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा ट्याम्पो चलाउने सवारी चालक

३. रिक्सा तथा ठेलागाडा चालक

४. सवारी साधनको मर्मत सम्भार गर्न ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर।

(ञ) अन्य व्याक्तिको गार्मन्ट कार्पेट टेलरिङ्ग गलंचा बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य मजदुर।

(ट) स्थानीय तहमा दैनिक ज्यालादारीका काम गर्ने अन्य व्याक्ति।

४. **राहत वितणका लागि निवेदन लिने:** दफा ३ बमोजिमका आफना वडामा रहेका व्याक्ति तथा परिवारलाई अनुसूची १ बमोजिमको निवेदन वडा कार्यालयमा दिन यस गाँउपालिका अन्तर्गतका व्लक समितिहरुलाई परिचालन गरी निवेदन संकलन गर्नुपर्नेछ।

५. **लागत तयार गर्ने:** दफा ४ बमोजिम पर्न आएका निवेदन उपर वडा समितिले छानविन गरी राहत वितरणको लागि लगत तयार गर्नुपर्नेछ।

६. **राहत वितरण गर्नुपर्ने:** दफा ५ बमोजिमको लगतमा समाबेस भएको श्रमिक वर्ग तथा असाहयहरुलाई सम्बन्धित वडाले अनुसूची २ बमोजिमको ढाँचामा विवरण राखि दफा ७ बमोजिम राहात तत्काल वितरण गर्नु पर्नेछ।

७. **राहत सामाग्री:** (१) खाद्य आवाश्यकताको आधारमा श्रमिक वर्ग तथा असाहयहरुलाई प्रति परिवारकालागी देहायका सामाग्री राहत स्वरुप वितरण गरिने छ।

| | | **परिवारमा सदस्य संख्या** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **क्र. सं.** | **राहत सामाग्री** | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८ वा सव भन्दा बढी** |
| १ | चामल के जी | ७ | १३ | १९ | २५ | ३० | ३६ | ४२ | ४८ |
| २ | दाल के जी | १ | १.५ | १ | १ | १ | १.५ | १.५ | २ |
| ३ | तेल लिटर | ०.५ | ०.५ | १ | १ | १ | १.५ | १.५ | २ |
| ४ | नुन के जी | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ५ | साबुन गोटा | २ | २ | २ | २ | २ | २ | २ | २ |

(२) यस मापदण्डमा अनयत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असहाय तथा तिनसंग संगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै बैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहात सामाग्री वितरण गरिने छैन।

(३) यस मापदण्८मा अन्यत्र जुनसुकै कुरा लेखिएको एकै परिवारको एक भन्दा बढी सदस्यलाई राहात सामाग्री वितरण गरिने छैन।

८. **वितरण गर्ने विधि:** (१) देहायको विधि अवलम्वन गरी दफा ७ बमोजिमको राहात सामाग्री वितरण गर्नु पर्नेछ।

(क) राहात वितरणको लागी सम्बन्धित वडा समितिले सामाग्री खरिद गरि वितरण गर्ने।

(ख) सम्बन्धित वडा समितिले हुन सक्ने समम्भाव्य भिड तथा अन्य व्यवस्थापकीय समस्याका कारणले वडा समितिबाट समितिबा६ वितरण गर्न नसक्ने अवस्था भएमा देहाय बमोजिम गर्ने।

१. वडाले आफनो क्षेत्र भित्र दफा ७ बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानीय आपुर्तिकर्ताबाट मुल्य सुचिलिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मुल्य यकिन गर्ने र उपलब्ध भए सम्मका आपुर्तिकर्ता छनौट गर्ने।

२. दफा ३ बमोजिमको लागतमा परेका श्रमिक वर्ग तथा असाहयहरुलाई वडा सदस्य वा अध्यक्षले अनुसूची ५ बमोजिमको कुपन उपलब्ध गराई उपखण्ड (१) बमोजिमको आपुर्तिकर्ताबाट राहात सामाग्री उपलब्ध गराउने।

(२) यस दफा बमोजिम वितरण भएको राहात सामाग्रीको भुक्तानी वडा सचिव मार्फत गरिनेछ। वडा सचिवलेआवाश्यकता अनुसार पेश्की लिई वा सोधभर्ना लिने गरी राहात सामाग्री वितरणको बन्दोबस्त गर्न सक्नेछ।

९. **राहात वितरणको अभिलेख र प्रतिवेलन:** (१) सम्बन्धित वडाले वितरणको अनुसूची ३ बमोजिम राहात वितरणको अभिलेख आफनो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नु पर्नेछ। गाँउ कार्यापालिकाको कार्यालयमा समेत सो अभिलेख पठाउनु पर्नेछ।

(२) गाँउपालिकाले राहातको प्रतिवेदन अनुसूची ४ बमोजिम ढाँचामा पाक्षिक रुपमा राष्ट्रियपरिचय पत्र तथा पञ्जिकरण विभाग संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) संघीय मामिला मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राहात वितरणको नियमित अनुगमन गर्नेछ।

१०. **कारवाही सम्बन्धी व्यवस्था:** (१) यस मापदण्मा तोकीएको मापदण्ड पुरा नभएको व्यात्तिले झुट्टा विवरण गरि राहात लिनु वा दोहोरो राहात लिनु हुदैन।

(२) यस मापदण्डको प्रतिकुल हुनेगरी राहात वितरणको लागि सिफारीस गर्ने पदाधिकारी लाई समेत प्रचलित कानुन बमोजिम कारवाहि गरी त्यस्तो सिफारीस गर्ने पदाधिकारीबाट निजलेसिफारीस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीय तहले निजबाट असुल गर्नु पर्नेछ।

**अनुसूची-१**
**दफा ४ संग सम्बन्धित**
**निवेदनको ढाचाँ**

मिति: २०७  ।  ।

श्रीमान वडा अध्यक्ष /सदस्य ज्यू

छत्रकोट गाँउपालिका ................, गुल्मी।

**विषय: राहात उपलब्ध गराई दिनुहुन ।**

उपरोक्त सम्बन्धमा ............................................... को छोरा /छोरी /पत्नी परिवार दैनिक ज्यालादारी मजदुरी गर्दै जिवन निर्वाह गरिरहेकोमा हाल विश्वका विभिन्न देशमा फैलिरहेको कोरोना भाईरस (COVID 19) को संक्रमणबाट बच्न बचाउन र संक्रमण फैलिन नदिन लकडाउन भएकोले यस समयमा म लगायत मेरा ............. जना रहेको परिवारको दैनिक गुजाराका लागि खर्च जुटाउन अत्यान्तै अप्ठयारो भएकोले यस कार्यालयबाट नियमानुसार राहात उपलब्ध गराईदिनुहुन विनम्र अनुरोध गर्दछु। व्यहोरा ठिक साँचो हो, गलत ठहरे कानुन बमोजिम सहुला बुझाँउला।

निवेदक

नामथर:

## अनुसूची-२
**(दफा ६ संग सम्बन्धित)**
**राहात प्राप्त गर्ने व्यात्तिको अभिलेख**

राहात प्राप्त गर्ने व्यात्तिको विवरणः

१. नामथरः
२. बाबुको नामः
३. बाजेको नामः
४. स्थाई ठेगानाः
५. हालको ठेगानाः
६. टेलीफोन वा मोवाईल नंम्बर भएमा :
७. दैनिक ज्यालादारीमा कार्यरत स्थान :
८. गर्ने कामको विवरणः
९. पेश गरेको कागजातको विवरणः(कम्तिमा कुनै एक कागजात संलग्न हुनुपर्ने )
   क. नेपाली नागरिकताको प्रमाणपत्रकव प्रतिलिपी वा,
   ख. गरिव घरपरिवार परिचय पत्रको प्रतिलिपी वा,
   ग. सवारी चालक अनुमती पत्रको प्रतिलिपी वा
   घ. अन्य
१०. राहात लिने व्यात्तिको स्वः घोषणा
   म र मेरी परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन्। मैले यस्तो राहात सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन। माथि पेश गरेको विवरण ठिक साँचो हो। व्यहोरा फरक परेमा प्रचलित कानुन बमोजिम सहुला बुझाउँला।

| | |
|---|---|
| निवेदकः | सिफारीस गर्ने पदाधिकारीः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| औठा छाप | पदः |
| दायाँ वायाँ | छत्रकोट गाँउपालिका......वडा नं. |

**अनुसूची-३**
**(दफा ९ को उपदफ १ संग सम्बन्धित)**
**छत्रकोट गाँउपालिका**
**........ नं वडा कार्यालय**
**................. गुल्मी**
**राहात वितरणको अभिलेख**

| क्र सं | राहात प्राप्त गर्ने व्यात्तिको नाम | ठेगाना तथा सम्पर्क नं | बाबुको नाम | बाजेको नाम | राहातको विवरण | रहात बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |

राहात वितरण गर्नेको

दस्तखत:

नामथर:

टेलिफोन नं:

अनुसूची-४
(दफा ९ को उपदफ २ संग सम्बन्धित)
छत्रकोट गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी

**राहात वितरण प्रतिवेदन**

| क्र सं | राहात प्राप्त गर्ने व्याक्तिको नाम | ठेगाना तथा सम्पर्क नं | बाबुको नाम | बाजेको नाम | राहातको विवरण | मिति | कै |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

निवेदन गर्नेको

दस्तखत:

नामथर:

टेलिफोन नं:

अनुसूची-५

(दफा ८ को उपदफ १ संग सम्बन्धित)

छत्रकोट गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

चोयगा, गुल्मी।

मितिः २०७ । । ।

श्री ..........................

यस टोकन बाहकलाई तपशिल अनुसार सामाग्री उपलब्ध गराईदिनु होला।

<u>तपशिल</u>

१. चामल-

२. दाल-

३. नुन-

४. तेल-

५. साबुन-

वडा अध्यक्ष

स्वीकृत मितिः २०७६/०९/०९

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत